**Voice : A Biannual & Bilingual Journal**
*2024 June, Vol : 16, No. 1, pp.126-137*
DOI : https://doi.org/10.3126/voice.v16i1.67426

# सिद्धिचरण श्रेष्ठको ज्यानमारा शैल खण्डकाव्यको विधातात्त्विक अध्ययन

हरि प्रसाद तिमिल्सिना[१]

**Article Information : Received :** April 06, 2024 **Revised :** May 19, 2024 **Accepted :** June 18, 2024

**सारसङ्क्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख स्वच्छन्दतावादी काव्यधाराका सहप्रवर्तक खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित ज्यानमारा शैल खण्डकाव्यको अध्ययनमा केन्द्रित छ। अध्ययन गर्दा पूर्वीय तथा नेपाली खण्डकाव्य तत्त्वका आधारमा अध्ययन गरिएको छ। श्रेष्ठका नेपाली भाषामा लेखिएका नौ वटा खण्डकाव्यमध्ये प्रकाशनका दृष्टिले दोस्रो ज्यानमारा शैल खण्डकाव्य करुणरस प्रधान खण्डकाव्य हो। पूर्वीय काव्यशास्त्रीय मान्यताअनुसार खण्डकाव्यका शीर्षकसंरचना, विषयवस्तु, उद्देश्य वा मूलभाव, पात्र, परिवेश, भाषाशैली एवं विम्बप्रतीक अलङ्कार तत्त्वका आधारमा अध्ययन गरी निष्कर्ष निकालिएको छ। कृतिभित्रको विषयवस्तुले तत्कालीन नेपाली समाजमा व्याप्त सामाजिक आर्थिक एवं जातीय विभेदलाई चित्रण गर्दै जातिभेदका आधारमा खण्डकाव्यका प्रमुख पात्र शैल र उमाका बिचको प्रेम विवाहमा परिणत हुननसकी वियोगान्त बन्न पुगेको छ। अभिभावकहरुले आफ्ना सन्तानको भावना भन्दा परम्परागत कुल घरान, उँचनिच, धनीगरिबजस्ता सामाजिक अवस्थाका आधारमा निर्णय गर्ने अवस्थालाई विशिष्ट रुपमा उठाइएको छ। स्वच्छन्दतावादी खण्डकाव्यकार श्रेष्ठले सामाजिक विभेदको अन्त्य र सुधारको आग्रह विकृतिविसङ्गतिको अन्त्य र सन्तानको भावनाको कदर हुनुपर्ने विशिष्ट सन्देश दिएको यस अध्ययनको निष्कर्ष छ। जातीयता र आर्थिक कारणले उमा र शैलको निश्छल प्रेम सफल हुननसकी वियोगान्त रुपमा कथावस्तु समाप्त भएकोले सामाजिक यथार्थवादी खण्डकाव्यका रुपमा यस खण्डकाव्यलाई लिइएको छ।

**शब्दकुञ्जी :** सामाजिक, वियोगान्त, जातभात, कुसंस्कार, शोक, करुणरस आदि।

[१]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : timilsina119@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke
The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयप्रवेश

आधुनिक नेपाली स्वच्छन्दतावादी कवितायात्रामा १९९० सालदेखि औपचारिक यात्रा प्रारम्भ गरेका सिद्धिचरण श्रेष्ठले नेपाली खण्डकाव्य यात्रामा १९९७ (जेल प्रवेश) सालमा उर्वशीको रचनाबाट प्रवेश गरेको पाइन्छ । खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठका प्रकाशित नौ वटा खण्डकाव्यमध्ये रचनाका दृष्टिले छैंटौं (२०१० सालतिर रचित) र प्रकाशनका दृष्टिले दोस्रो (२०३९) खण्डकाव्यका रुपमा रहेको ज्यानमारा शैल खण्डकाव्य सामाजिक काल्पनिक विषयवस्तुमा आधारित १०२ श्लोकको लघु खण्डकाव्य हो । शब्द चयन, भाषिकशिल्प, अन्त्यानुप्रास तथा सर्गविधान जस्ता आधारभूत कुरामा परिमार्जन हुन नसकेको प्रस्तुत खण्डकाव्यमा जातीय र आर्थिक विभेदलाई देखाउन वैचारिक अभिव्यक्ति भएको छ। सिद्धिचरण श्रेष्ठको ४० वर्षको परिपक्व उमेर (२०१० सालतिर) मा रचना गरिएको ज्यानमारा शैल खण्डकाव्य तत्कालीन नेपाली समाजको यथार्थ चित्र हो । २००७ साल वरपरको नेपाली, सामाजिक, आर्थिक र जातीय अवस्था उनको मनमस्तिष्कमा बिजेको देखिन्छ । अझ कठोर राणाशासनको क्रूर दृष्टिबाट जेल सजाय पाएकाले कवि सिद्धिचरण श्रेष्ठमा सामन्ती चिन्तन, दमन, अन्याय अत्याचार, शोषण, उत्पीडन, सामाजिक, आर्थिक र सांस्कृतिक विभेद हटाउन पर्ने दृढ विचार उन्नत अवस्थामा पुगेको थियो । जात, धर्म, उचनिच, धनीगरिब जस्ता परम्परागत सामन्ती चिन्तनलाई हटाउने उनीभित्रको वैचारिकताले नै ज्यानमारा शैल, मङ्गलमान, जुनकिरी, आँसु जस्ता खण्डकाव्यहरुमा सामाजिक परिवर्तन, अन्याय अत्याचारको विरोध, समतामूलक समाजको निर्माणको आग्रह, अन्धविश्वास, रुढिवादी परम्परा र विकृति विसङ्गतिको अन्त्यको आग्रह कुनै न कुनै रुपमा उल्लेख गरेका छन् ।

श्रेष्ठद्वारा जेलमा १९९७ सालमा रचित उर्वशीमा उनीभित्रको राणाशासन फाल्ने र प्रजातन्त्र स्थापना गर्ने लक्ष्य एकातिर छ भने २८ वर्षको युवा शुलभ प्रेम र अनुराग अर्कातिर छ । कविभित्रको यो अन्तर्द्वन्द्व अर्जुनको लक्ष्य प्राप्तिको अन्तर्द्वन्द्व बन्न पुगेर अडिग बनेको छ । रचनावधिका दृष्टिले छैठौं र उमेरले प्रौढता प्राप्त गर्दै चार दशक लामो जीवनले प्राप्त गरेको नेपाली समाजको सबैभन्दा ठुलो खाडल बनेर रहेको जातीय तथा आर्थिक विभेद हो भन्ने दृष्टिकोण ज्यानमारा शैल र जुनकिरी खण्डकाव्यमा मुख्य विषयवस्तु बनेर आएको छ ।

प्रस्तुत ज्यानमारा शैल खण्डकाव्य २०१० सालतिर रचना गरी २०२३ सालको कविता पत्रिकामा प्रकाशित भएपनि खण्डकाव्यका रुपमा माधव घिमिरेद्वारा सम्पादित 'पच्चिस वर्षका खण्डकाव्य' नामक ग्रन्थ (२०३९) मा सङ्गृहीत छ । सर्ग विभाजन नभएको, श्लोक सङ्ख्या पनि उल्लेख नगरिएको र १०२ श्लोकको लघु आयाम संरचनाको यस काव्यमा तल्लो जातको शैलसँग बाल्यकालदेखि निश्छल प्रेम भएकी उमाको जात फरक परेकै कारण विवाह हुन नसक्ने र जातसँगै गरिबी पनि यी दुवैको मिलनमा बाधक बनेको हाम्रो समाजको डरलाग्दो विषय उठाएर यस्ता तमाम युवाहरुको जीवन दुर्घटित भइरहेको उल्लेख गरिएको छ । हालको (२०७०) दशकमा समेत जातका आधार मा उत्पीडन खप्नुपर्ने अवस्था विद्यमान छ भने २०१० सालतिर जातभात र छुवाछुतले नेपाली समाजलाई कसरी जकडेको थियो होला अनुमान गर्न सकिन्छ । अतः प्रगतिशील विचार बोकेर सामाजिक परिवर्तन र रुपान्तरण, विभेद, अन्याय, अत्याचार हटाउने अभियानमा सक्रिय रहेकाले तत्कालीन जातीय र आर्थिक असमानताको चित्रण गरी समतामूलक समाजको स्थापनाको सन्दर्भमा यस खण्डकाव्यको रचना गरिएको छ ।

## अध्ययनविधि

सिद्धिचरण श्रेष्ठको प्रकाशित दोस्रो खण्डकाव्यका रुपमा रहेको ज्यानमारा शैल खण्डकाव्यलाई यहाँ खण्डकाव्य तत्त्वका आधारमा अध्ययन गरिने भएकाले ज्यानमारा शैल खण्डकाव्यलाई प्राथमिक सामग्रीका रुपमा उपयोग गरिएको छ । श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व तथा ज्यानमारा शैल खण्डकाव्यसित सम्बन्धित सामग्रीहरुलाई द्वितीय सामग्रीका रुपमा प्रयोग गरिएको छ। सामग्री सङ्कलनका पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। कृतिको अध्ययन गर्न वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### अनुसन्धान ढाँचा

अनुसन्धानका क्रममा गुणात्मक र परिमाणात्मक दुई प्रकारका ढाँचाहरुको प्रयोग हुने गरेको छ । साहित्यकृतिको अनुसन्धानात्मक विश्लेषणका लागि गुणात्मक ढाँचा प्रयोग गर्न बढी उपयुक्त हुन्छ । गुणात्मक ढाँचामा असाङ् ख्यिक तथ्यहरुलाई विश्लेषण गरी निष्कर्षमा पुऱ्याइने भएकाले सामान्यतः शाब्दिक रुपमा असाङ्ख्यिक तत्त्वहरुको सङ्कलन गरिन्छ र गुणात्मक निष्कर्ष निकालिन्छ । अतः यस अध्ययनमा गुणात्मक अनुसन्धानात्मक ढाँचाको अङ्गीकार गरी श्रेष्ठको ज्यानमारा शैल खण्डकाव्यलाई लिखित दस्तावेज मानी विश्लेषण विधिको प्रयोग गरी विधातात्त्विक अध्ययन गरिएको छ ।

### जनसङ्ख्या र नमुना छनौट

सिद्धिचरण श्रेष्ठको सङ्क्षिप्त परिचय, व्यक्तित्व र प्रवृत्तिसहित उनको जयनमारा शैल खण्डकाव्यमा केन्द्रित रही उक्त खण्डकाव्यसित सम्बन्धित अन्य सामग्रीहरु समेतको उपयोग गरिएको छ । मूलतः श्रेष्ठको ज्यानमारा शैल खण्डकाव्यलाई जनसङ्ख्याका रुपमा लिई शोध्यश्यमूलक नमुना छनौट पद्धतिलाई अनुसरण गरी प्रयोग गरिएको छ।

### तथ्याङ्क सङ्कलन विश्लेषण

यस अनुसन्धानलाई प्रामाणिक र उद्देश्यमूलक बनाउन श्रेष्ठको ज्यानमारा शैल खण्डकाव्य कृति र कृतिभित्रको परि धीय खण्डका समीक्षात्मक टिप्पणीहरुलाई समेत उपयोग गरी अध्य सम्बन्धित लेखहरु र कोषहरु समेतलाई आधार बनाई तथ्याङ्क सङ्कलन गरिएको छ। यसरी प्राप्त तथ्यहरुलाई तुलनात्मक सत्यापन र पुष्टि गर्न उदाहरणसमेत दिई वर्णन तथा विश्लेषण गरी निष्कर्षमा पुऱ्याउने काम गरिएको छ । तथ्याङ्कको विश्लेषणमा आगमन विधिको प्रयोग गरिएको छ।

### सैद्धान्तिक आधार

हरेक रचनाहरुलाई कुनै न कुनै सिद्धान्तलाई गंहण गरी सोही सैद्धान्तिक आधारबाट गन्तव्यमा पुऱ्याउन सहज हुन्छ। अतः यस अनुसन्धानात्मक आलेखमा सिद्धिचरण श्रेष्ठको ज्यानमारा शैलय खण्डकाव्य कृतिको खण्डकाव्यतत्त्वका आधारमा गरिने अध्ययन गर्दा यथार्थवादी आलोचनात्मक यथार्थवादी स्वच्छदन्तावादी सैद्धान्तिक धाराहरुलाई आधार का रुपमा लिइएको छ । पूर्वीय काव्यशास्त्रीय मान्यता एवं पाश्चात्य साहित्यिकवादका सैद्धान्तिक कसीमा यस अनुसन्धानात्मक आलेखलाई तयार गरिएको छ ।

## छलफल र विश्लेषण

सिद्धिचरण श्रेष्ठको रचनावधिका दृष्टिले छैटौँ र प्रकाशनका दृष्टिले दोस्रो बन्न पुगेको ज्यानमारा शैल खण्डकाव्य अध्याय वा सर्गविहीन लघु आयाममा संरचित खण्डकाव्य हो । वि.सं. २०१० सालमा रचना गरी २०२३ सालमा कविता पत्रिकामा र पच्चिस वर्षका खण्डकाव्यहरु (२०३९) नामक ग्रन्थमा सङ्गृहीत छ । सामाजिक विषयवस्तुमा आधारतिर यस खण्डकाव्यको तथ्यगत मापन र संरचना स्वरुप सहित खण्डकाव्य तत्वका आधारमा अध्ययन विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

### शीर्षक तथा संरचनागत स्वरुप

ज्यानमारा शैल खण्डकाव्य सामाजिक काल्पनिक विषयवस्तुमा आधारित नेपाली समाजमा घट्ने यथार्थपरक घटनालाई जीवन्त रुपमा प्रस्तुत गरिएको खण्डकाव्य हो । नेपाली समाजमा युगौँदेखि जरा गाडेको जातीय प्रथालाई टिपेर कविले आफ्ना अनुभूतिको आख्यानीकरण गर्दै घटनाक्रमहरुलाई रैखिक ढाँचामा शृङ्खलाबद्ध रुपमा प्रस्तुत गरेका छन् । श्लोक सङ्ख्या र सर्ग विभाजन नगरिएको, शीर्षक उपशीर्षक नरहेको र एकोहोरो वर्णनमा चार पङ्क्तिको एक श्लोक संरचनाका कुल १०२ वटा श्लोकको लघु आयाम रहेको यस कृतिमा मात्रा छन्दको प्रयोग गरिएको छ ।

'ज्यानमारा शैल' नाम राखिएको कृतिमा मुख्य पुरुष पात्र वा काव्यको नायक शैलले भौतिक रुपमा कसैको ज्यान मारेको वा हानीनोक्सानी पुऱ्याएको नभई बाल्यकालदेखि स्वच्छ प्रेम भएपनि तल्लो जात र गरिब भएकाले उमालाई विवाह गर्न नसक्नु र शैललाई प्राप्त गर्न नसकी विभिन्न दुखकष्ट सहँदै मृत्युवरण गर्न पुगेकी उमालाई प्राप्त गर्न कुनै सङ्घर्ष वा प्रयास गर्न नसक्नु, समाजका अगाडि विद्रोह नगरी भाग्नु जस्ता शैलका कमजोरीले उमाले आफ्नो प्रेम प्राप्त गर्न नसकेको अवस्थालाई प्रतीकात्मक रुपमा ज्यानमारा शैल शीर्षक राखिएको छ । यो शीर्षक विषयवस्तु अनुकूल उपयुक्त र औचित्यपूर्ण छ :

> हुन नसक्ने आज घटना हाय ! कसरी हुन गयो,
> यो भएकोमा अवश्यै खास मेरै दोष हो,
> लौ मलाई दण्ड देऊ दुख देऊ छन् जति,
> एउटा निर्दोष जीवन बिग्रियो मैले गरी । (पृ. ४७)

'ज्यानमारा शैल' छुट्टै पुस्तकका रुपमा हालसम्म प्रकाशित हुन नसकेकाले कृतिको बाह्य र आन्तरिक संरचना छुटाछुटै उल्लेख गर्ने अवस्था देखिँदैन । 'पच्चिस वर्षका खण्डकाव्य' ग्रन्थको २५औँ पृष्ठ देखि ५२औँ पृष्ठसम्मको आयाममध्ये ३६ र ३७ पृष्ठमा खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको तस्बिर, जन्म र निवास उल्लेख गरी बाँकी पृष्ठमा सम्पादक माधव घिमिरेको यस खण्डकाव्य सम्बन्धी मन्तव्य (भूमिका)को रुपमा रहेको छ । पृष्ठ ३८ देखि ५२ सम्म खण्डकाव्यको कथावस्तु रहेको छ । कथावस्तु वा आख्यान सूत्रात्मक छ र कतै कतै सङ्केतिक देखिन्छ ।

चैत्र महिनाको कुनै दिन भेट भएका उमा र शैल दुई जना पात्र छन् ।शैल विस्तारै उमालाई प्रेम गर्न थाल्छ । बाल्यकाल देखिका साथीहरु उमेर भएपछि बिहेको प्रस्ताव राख्छ तर तल्लो जात र गरिब भएकाले बिहे हुन नसक्ने आमाको निर्णयबाट विप्रलम्भ शृङ्गारतर्फ मोडिई वियोगान्त बन्न पुगेको कथा वस्तुबाट नेपाली समाजको जातीय र आर्थिक असमानतालाई देखाइएको छ । सामाजिक समस्याको आख्यानीकरण, वैचारिकता र रसभावको उचित समन्वय छ । भाषाशैली सामान्यतः सरस र सरल छ । कतैकतै शब्द चयनगत कमजोरी रहेको पाइन्छ । समग्रमा आन्तरिक संरचना पनि सशक्त बनेको छ ।

**ज्यानमारा शैलय खण्डकाव्यको प्रबन्धविधान**

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरुमा प्रबन्धविधानको पालना आंशिक रुपमा मात्र भएको छ । सर्ग संयोजन, अध्याय वा परिच्छेद विधान नगरिएको यस खण्डकाव्यमा कविमनमा घोचिरहेको जातीय विभेद जस्तो सामाजिक कुसंस्कारलाई लिएर आफ्नो अनुभूतिलाई विस्तृत बनाउँदै लग्न आख्यानीकरणको आवश्यकता पर्दछ । कवि श्रेष्ठका अनुभूति झाँगिदै मौलाउँदै जाँदा त्यसको क्रमबद्ध व्यवस्थापन गर्न अख्यान लेपन गरेर कुशल कविले प्रस्तुत गर्दछ ।

खण्डकाव्यमा जीवनको एक पक्ष, एक अंश वा एउटा महत्त्वपूर्ण घटनालाई प्रस्तुत गरिन्छ । उक्त घटना, पक्ष वा अंशसित सम्बन्धित पात्र र परिवेश अनुकूल भाषाशैली र शिल्पको समुचित प्रयोग गरेर काव्यलाई पठनीय उत्कृष्ट र खण्डकाव्योचित बनाउने कार्य नै प्रबधविधान हो । खण्डकाव्य मध्यम आयामको कविताको मझौला स्वरुप भएकाले सूक्ष्म वा स्थुल पुष्ट वा क्षीण आख्यानमा अनुभूतिलाई व्यवस्थित गरिन्छ । प्रबन्धविधानले अनुभूति वा आख्यानको संयोजन व्यवस्थापन गर्दै कथावस्तुको आरम्भ, यत्न, प्राप्त्यासा, नियताप्ति र फलागमका ढाँचामा व्यवस्थित गर्दछ । प्रस्तुत ज्यानमारा शैलमा कुनै सर्ग, अध्याय विधान गरिएको छैन । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध प्रस्तद्रति रहे को छ ।

**सङ्क्षिप्त कथावस्तु**

अरिस्टोटलको दुखान्त कथावस्तुको मान्यता बोकेको ज्यानमारा शैल खण्डकाव्य कविकल्पनामा आधारित सामाजिक विषयवस्तुको प्रयोग गरी लेखिएको खण्डकाव्य हो । शैल प्रमुख पात्र हो । तल्लो जातको नायक र माथिल्लो जातकी नायिका उमाको वियोगान्त कथालाई प्रस्तुत गरिएको प्रस्तुत खण्डकाव्यमा आरम्भका ४ श्लोक पृष्ठभूमिका रुपमा कविले आफ्नो विचार व्यक्त गरी पाँचौं श्लोकदेखि मुल कथावस्तु प्ररम्भ भएको छ। कथावस्तु अनुसार चैत्र महिनामा शैल र उमा दुई बालबालिकाहरु भेट हुन्छन् दुवैमा बालप्रेम बढ्दै किशोरावस्थामा पुग्छन् । सूर्यको उदाउने र अस्ताउने प्रक्रिया आफ्नो जीवन जस्तो भएको उमाको विचार र सूर्यको गतिलाई प्रेमको रुपमा शैलले अर्थ्याएको  छ :

> एक नकली, चारु पुतली प्वाँख इन्द्रेनी लिई
> घाम-सरमा सल्ल बहँदै सुमनमा कानेखुसी
> गर्छ हो, हो सुमन मैंया फुल्नु तिम्रो जिन्दगी
> सूर्यको अनि जानु आउनु प्रेम हो, हो सुन्दरी । (श्लोक १०)

समय क्रममा शैलले उमालाई फकाउनु, केही समय पछि दुवैको भेट हुनु, दुवैले नयाँ नयाँ सपना देख्न थाल्नु, सँगै खेल्ने खाने गर्दै यी दुवैको उमेर भएपछि शैलले विवाहको प्रस्ताव राख्नु, उमाले लगाउँदै हाम्रो जात नमिल्ने भएकाले विहे नहुने आफ्नी आमाले भनेको बताउनु जस्ता घटना काव्यको कथावस्तुको आदि भाग हो ।

> कलित कोमल, ललित मोहन, सरल जीवन यी दुई
> एक धारा बन्न पाए सुख हुन्थ्यो झन् सुखी
> त्यो युवकको नित्य मनको एक धोको यै थियो
> प्रतिविचार र भावद्वारा मिलन धागो बुन्दथ्यो ।

जात तल्लो धन छ तल्लो युवक तल्लो पर्दछ
यी दुईको हुन्न विवाह, यो समाज कठोर छ
भित्र भित्रै मात्र खालि यत्न हुन्थ्यो, बाहिर
प्रकट केही नभै रहन्थ्यो यो रहस्य भयंकर। (श्लोक ३८, ३९)

उमाको कुराबाट शैल निराश हुनु, राति उमाको घरमा पुगेर झ्यालबाट बोलाउनु, उमाले चोर चोर भनेर कराएपछि भाग्नु, यसबाट अपमानित महशुस गरेको शैल विदेश जानुले स्थिति विपर्ययको स्थिति सिर्जना भएको छ।

एक दिन साहस गरीकन भन्छ है मेरी उमा।
तिमी नपाए बन्छु जोगी छैन अर्को चाहना
भन्दछिन् युवती लजाई जात नै मिल्दैन रे
भन्नु आमाले भएको-विहे हाम्रो हुन्छ रे। (श्लोक ४०)
के भनेको के भएको ! युवकको साहस मऱ्यो
फेरि बोली फुटेन अर्को स्वप्त, आशा सब झऱ्यो
मन मिलीकन हुन्न केही जात मिल्नुपर्दछ
मन कम्ती उ छ कम्ती छैन उसको दौलत। (श्लोक ४१)

शैल दुई वर्षपछि घर फर्कनु, उमाको विहे भइसकेको अवस्थामा शैलले पनि विहे गर्नु, शैलको छोरी हुनु, माघ महिनाको एकरात शैलको घरमा पुगेर उमाले आफ्नै वस्तु (द्रव्य) चोर्न आएको बेला चोर्न नदिएर मान गरेको भन्नु र शैलले अतीतको सम्झना गर्नु, उमा ढाक्रेसित पोइल जानु, शैल आफू दुर्वल भएकोले यस्तो भएको सोचेर चिन्तित हुनु जस्ता घटनाले खण्डकाव्यको कथावस्तु मध्य भागमा पुगेको देखिन्छ।

उमालाई खोज्दै हिँडेको शैलले जङ्गलमा भेट्नु, शैलले सँगै बस्ने, सँगै जिउने प्रस्ताव गरेपनि आफूलाई विर्सन उमाले आग्रह गरेर शैललाई चिन्तित तुल्याएकी छे।

छैन अप्ठेरो मलाई जिन्दगी रोजें यही
असल सिधा मित्र पाएँ हो गरीब छ तापनि
दाउरा बोकेर भारी शहरमा बेच्दछौँ
यै कमाइबाट हामी प्राण आफ्नू धान्दछौँ। (श्लोक ७१)

समयक्रममा रोगले थलिएर बिच बाटोमा लडिरहेकी उमालाई भेट्नु, शैलले चिन्नु र हात समातेर आत्मीयता साटेको केही क्षणमै उमाले प्राण त्याग गर्नु, माफी माग्दै शोक विह्वल शैल उमाको जिउमा घोप्टो पर्नु र प्राण त्याग गर्नु नै यस खण्डकाव्यका मुख्य घटनाहरु हुन्। दुवैको लास छ। सबैतिर शून्यता छाएको छ। प्रेमको बलिदान, प्रेममा श्रद्धाञ्जली भन्ने कविको विचारका साथ कथावस्तु समाप्त भएको छ।

वज्र लागी रुख ढले झैँ युवक उमामा घोप्टियो
हृदय धड्कन बन्द भैकन प्राण उसको रोकियो
एक मुठी सास रोकिन छैन गाह्रो क्यै पनि
पुस्स आई फुस्स जाने तुच्छ हाम्रो जीवनी। (श्लोक ९९)

शून्यको अतिरिक्त हम्रो के भन्ने आफनु कुरा
विश्वलाई आज उत्तर ज्युनु मर्नु प्रश्नमा
प्रेमको बलिदानमहाँ यो मौन व्रतको धारण
प्रेममा श्रद्धाञ्जली नै दिइरहेका हुन् कि क्या । (श्लोक १००)

वियोगान्त प्रेमकथामा आधारित यस खण्डकाव्यमा राति उमालाई लिन आएको शैललाई चोर भनेर भगाउने उमाले आफ्नो प्रेमी तल्लो जातको गरीबको छोरो भएकाले आफू ऊसँग गए पनि अपमानित हुनुपर्ने देखी मान बचाएको भनेको देखिन्छ । गरीब र जात नमिलेको ढाक्रेसँग पोइल गएर सामन्ती समाज र आमाबाबुसँग विद्रोह गरेकी उमा अन्त्यमा शैलको हात समाई प्राण त्याग गर्नुबाट आत्मीय प्रेमको अमरतालाई दर्साएको छ । शैलले कसैको ज्यान नलिएपनि उमासँग सच्चा प्रेम गरेर पनि उसलाई आफ्नी बनाउन नसक्नु र आफुले गल्ती गरेको भनी पश्चाताप गरेको र उमालाई मानसिक आघात पर्न गई जीवनभर दुखकष्ट व्यहोर्नुपरेकोले उमाको ज्यानको सूरक्षा गर्न नसक्ने, समयमा आफ्नो दायित्व पूरा नगर्ने, शैल अप्रत्यक्ष वा प्रतीकात्मक रुपमा ज्यानमारा भएको भन्ने देखिन्छ ।

युवक डाक्छ प्रेमिकाको नाम काटी हे उमा !
जोडले बोलाउँदा बिउँझेलान् कि छिमेकका
भित्र दुविधा, कम्प बाहिर, लौ हुने हो आज के
खूब ढुक् ढुक् चल्छ छाती भाग्यको निर्णय हुने (श्लोक ४७)
हुन नसक्ने आज घटना हाय ! कसरी हुन गयो
यो भएकोमा आवश्यै खास मेरै दोष हो
लौ मलाई दण्ड देऊ दुख देऊ छन् जति
एउटा निर्दोष जीवन बिग्रियो मैले गरी । (श्लोक ६४)

नेपाली समाजको यथार्थ सामाजिक धरातल, प्रणय, प्रकृति र जीवन दर्शनको समुचित संयोजनले कथावस्तु काल्पनिक भएर पनि स्वाभाविक बनेको छ । नेपाली समाजमा व्याप्त जातपात, उचनिच, धनीगरीबको भेदभावले सामन्ती अन्धविश्वासी परम्पराले जरा गाडेको कारण उमा जस्ता नारीहरुले भित्रभित्रै कुँडिएर विवशतापूर्वक जीवन गुमाउनुपर्ने अवस्थालाई कविले मार्मिक रुपमा प्रस्तुत गरेका छन् ।

## पात्रविधान

ज्यानमारा शैल खण्डकाव्यमा थोरै पात्रको प्रयोग गरिएको छ । मुख्य रुपमा नायक नायिकका रुपमा उमा र शैल रहेका छन् । यी दुवैको मुख्य भुमिकामा यस काव्यको कथावस्तु आरम्भदेखि अन्त्यसम्म पुगेको छ । प्रसङ्ग अनुसार गौण पात्रका रुपमा गाउँलेहरु उमाको लोग्ने, ढाक्रे, शैलकी श्रीमती र उमाकी आमा आदि पात्रहरुको उल्लेख भएको छ । खण्डकाव्यमा उपस्थित मुख्य पात्रहरु र गौण पात्रहरुसमेत वर्गीय वा प्रतिनिधि पात्रका रुपमा रहेका छन् । मुख्य भूमिकामा रहेका शैल र उमाको चरित्र चित्रण यहाँ उल्लेख गरिन्छ ।

**शैलः** खण्डकाव्यको प्रमुख पात्र वा नायकका रुपमा रहेको शैलका अगडि ज्यानमारा विशेषण लगाई खण्डकाव्यको नामकरण गरिएको छ । नेपाली समाजमा सामजिक उतपीडन भोगिरहेको तल्लो जात र निम्न वर्गको गरीबहरुको प्रतिनिधिमूलक पात्र शैल हो । खण्डकाव्यमा प्रारम्भदेखि अन्त्यसम्म नै शैलको उपास्थिति रहेको छ । शैल उच्च

जातकी धनीकी छोरी उमासँग पवित्र प्रेम गरेपनि अन्धविश्वासी समाजका कारण आफ्नो प्रेम प्राप्त गर्नबाट वञ्चित भएको र प्रेमिका प्राप्त गर्न कुनै सङ्घर्ष, विद्रोह गर्न नसक्ने कमजोर मनस्थितिको पात्र हो । नारी भावना बुझ्न नसक्ने शैलमा नायकको जस्तो सौर्य, वीरता, धैर्य, सङ्घर्षशीलता छैन । जातीय विभेद विरुद्ध आवाज उठाउनको सट्टा विदेश पलायन भएको देखिन्छ । सुरुमा सामाजिक कुसंस्कार विरुद्ध बोल्न नसक्ने शैल उमा दाउरेसँग... पोइल गएर जातीयता विरुद्ध विद्रोह गरेपछि भने उसमा विचार परिवर्तन भएकोले शैल गतिशील पात्र हो । आफुमा भएको वैचारिक परिवर्तनलाई यसरी व्यक्त गर्दै शैल भन्छ :

युवक रोई पिट्छ छाती आज कस्तो यो भयो
यतिका दिनपछि उमाको भेटमा आग्लो पर्‍यो
खोल्छु आग्लो आज मैले गर्न अहिले पनि ढिलो
हुन्छ मेरो जीवनीको नाश पार्ने खुड्किलो । (श्लोक ९०)

शैल खण्डकाव्यको मुख्य पुरुष पात्र, वर्गीय पात्र, अनुकूल पात्र, गतिशील पात्र, बद्ध पात्र हो ।

**उमा :** यस खण्डकाव्यकी प्रमुख नारी पात्र, नायिका, उच्च जात र घरानाकी भएपनि जातभात र धनसम्पत्तिको घमण्ड नगर्ने सरल हृदय भएकी ग्रामीण नारी वर्गको प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक पात्र हो । जात र धनजस्ता कुसंस्कारका कारण आफुले आत्मीय प्रेम गरेको व्यक्तिसँग विवाह नभई कुण्ठित जीवन विताउन बाध्य नारीहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । जातभात उँचनिच र धनीगरिब जस्ता सामाजिक विभेदजन्य कुसंस्कारका विरुद्ध उभिएकी छ । जात र धनलाई चुनौती दिँदै ढाक्रेसँग पोइल गएकी उमा दृढ विचार र व्यवहार भएकी पात्र हो । भौतिक सुखसुविधा र अवसरलाई महत्त्व नदिने भएकाले आफुसँग बस्न शैलले गरेको आग्रह अस्वीकार गर्दछे :

पछि सरीकन यवती भन्छिन् किन तिमी आयौ यहाँ
के दयाको भार ल्याई किन्न खोज्छौ यो उमा ?
यो जुनीको रिन मलाई तिर्न दउ यै गरी
चाहना अग्लो उठाइ छुन्न तारामण्डली । (श्लोक ७०)

छैन अप्ठेरो मलाई जिन्दगी रोजेँ यही
असल सिधा मित्र पाएँ हो गरिब छ तापनि
दाउरा बोकेर भारी शहरमा बेच्दछौं ।
यै कमाइबाट हामी प्राण आफ्नू धान्दछौं । (श्लोक ७२)

खण्डकाव्यको प्रारम्भदेखि अन्त्यसम्म नै भूमिका निर्वाह गरेकी उमा वर्गीय, अनुकूल, स्थिर, मञ्चीय एवं बद्ध पात्र हो ।

काव्यमा प्रत्यक्ष भूमिका नभएपनि कथावस्तुलाई वियोगान्त बनाउने र शृङ्गारबाट करुण रस प्रधान बनाउने, जातपात, धनको कुसंस्कार बोकेकी उमाकी आमा गौण पात्र हो । यस काव्यमा स्थिति विपर्यय बनाउने मुख्य मूमिकामा रहेकी उमाकी आमा सामन्ती चिन्तन बोकेकी वर्गीय पात्र हो । आफ्नी छोरीको जीवन र चाहनालाई कुल्चने असत् वा प्रतिकूल पात्र हो । ढाक्रे पनि निम्न वर्गको प्रतिनिधिमूलक पात्र हो ।

**परिवेश विधान**

परिवेश विधान भनेको घटनाले ओगटेको स्थान वा भूगोल, घटना घटेको समय वा काल, घटनाले लिएको समय र घटना घट्दाको अवस्था हो । परिवेशलाई देश, काल र वातावरण पनि भनिन्छ । परिवेशको चित्रणबाट खण्डकाव्यको कथावस्तु वा विषयवस्तुलाई बुझ्न सहज हुन्छ ।

प्रस्तुत खण्डकाव्यमा निश्चित भौगोलिक परिवेश वा स्थानगत परिवेश उललेख गरिएको छैन । घटना वर्णन अनुसार वन, चौर, खेतबारी, डाँडापाखा र जङ्गलको चित्रण रहेको छ । खण्डकाव्यकार काठमाडौँका भएकाले उपत्यका आसपासको वनजङ्गलयुक्त स्थानको अनुमान गर्न सकिन्छ । उमाको घर र शैल भागेर गएको विदेश पनि स्थानगत परिवेश हुन् ।

प्रस्तुत खण्डकाव्य २०१० सालतिर लेखिएकोले मोटामोटी रुपमा २००७ साल अघि पछिकै अवस्थाको नेपाली समाज यस खण्डकाव्यको कालगत परिवेश हो । जातभात, उँचनिच, धनी गरिब ठुलो सानो जस्ता नेपाली समाजमा जरा गाडेर बसेका संस्कारहरु, यस्ता अन्धविश्वास, कुसंस्कारहरुका कारण सिर्जित समस्यालाई उठाइएको छ । जातपात र धनी गरिबको खाडल परेको विभेदपूर्ण नेपाली समाजको यथार्थ चित्रणले परिवेश चित्रण सजीव र जीवन्त बनेको छ ।

निम्न वर्गीय र उच्च वर्गीय समुदायका परिवारहरुका विच विभेद र असमानताले फाटो ल्याउने ठुला जात वा वर्गकाले सानालाई हेप्ने अवस्थाले मन पराएका केटाकेटी बिच पनि तगारो बनेर निराशा र अनिच्छापूर्वक जीवन जिउनुपर्ने बाध्यताको चित्रण रहेको छ ।

२०१० सालतिरको पुरातनवादी नेपाली समाज र नयाँ सोचको आधुनिक समाजबिचको सोचाइ, संस्कार, आचारण, व्यवहारबिच द्वन्द्व पनि देखिएको छ । तत्कालीन समाजको आर्थिक रुपले विपन्न वर्गमा ज्यालामजदुरी गर्ने ढाक्रे दाउरा बेचेर गुजारा गर्ने अवस्थाको चित्रणले आर्थिक सामाजिक र शैक्षिक रुपले कमजोर रहेको नेपाली समाजको दयनीय अवस्था समेत काव्यमा आएको छ ।

कथावस्तुको प्रारम्भमा चैत्र महिना, कोइलीको कुहुकुहु, आरु बखडा फुलेको वर्णनले वसन्त ऋतु, बाँसघारी, मखमली घाँस र नेपाली प्रकृतिको सुन्दर वातावरण पनि देखाइएको छ । अन्त्यमा उमा र शैलको अघिपछि भएको मृत्यु र शून्यको वातावरणले दुखद् अवस्थामा कथावस्तु अन्त्य भएको छ ।

**विचार, मूल भाव वा सन्देश**

युगौँदेखि जरा गडेर बसेको जातीय कुसंस्कारले घर परिवार र समाज विखण्डित भइरहेकोले यस्तो जातीय विभेदको अन्त्य हुनुपर्छ भन्ने दृष्टिकोण ज्यानमारा शैल खण्डकाव्यको मूलभाव, विचार वा सन्देश हो । जातीय विभेदसँगै नेपाली समाजमा उँचनिच र धनीगरिब जस्तो आर्थिक विभेद हटाउनु पर्ने अर्को कुतत्व हो । आर्थिक विभेदले एउटै समाजमा बसिरहेका समुदाय बिच विभेद बढ्दै जाने र समाज वर्गीय द्वन्द्वमा फस्ने भएकोले आर्थिक असमानता हटाउनुपर्ने र जातीय आर्थिक अहङ्कार, कुसंस्कार वा परम्परावादी सोचले उमा र शैल जस्ता निश्छल पात्रहरुको जीवन दुखद् बन्न पुगेको देखाउँदै उमाकी आमा जस्ता सामन्ती चिन्तन बोकेका पात्रहरुले आफ्ना सन्तानको सुख र खुसी भन्दा धन, जात र कुलीनतालाई हेर्ने गरेको देखाइएको छ ।

दिन निशामा निशि दिवसमा पट्टिँदै तारुण्यता
फुट्न लाग्यो ती युगलमा कोपिला अब फूलमा
चतुर कविको सरस कविता तुल्य भावप्रसारिणी
युवक युवती प्रेम गर्दा धन्य बन्छिन् मेदिनी । (श्लोक ३९)

काव्यमा आर्थिक दुरावस्थामा जीवन विताउन बाध्य निम्न वर्गीय मजदुरहरुको जीवन पीडादायी बनेको र औषधोपचार गर्न समेत नसकी असमयमै ज्यान गुमाउनु परेको समेत देखाइएको छ ।

युवति बोल्छिन् धन्य ईश्वर भेट हाम्रो आखिरी
जिनदगी यो के भएको विश्व चक्र चालमा
जान्छ म त अब ढोग देऊ भेट अर्को जन्ममा
गर्नु पाउँछु प्रेम मेरो हो त साँचो सर्वथा । (पृ.५०, श्लोक ८७)

सिद्धिचरण श्रेष्ठले सामाजिक विषयवस्तुलाई लिएर उमा जस्ती माथिल्लो जात र धनीकी छोरी तथा शैल जस्तो तल्लो जात र गरिबको छोराको प्रेम भएको देखाएर ठुलो जात खान्दानकाले तल्लो जात र गरिबलाई छोरी नदिने हाम्रो परम्परागत सामन्ती संस्कारलाई देखाउँदै धनी र गरिब ठुलो जात र सानो जातका कारण विवाह हुन नसकेको र दुवै प्रेमीहरु कुण्ठित र दुखित भएर जीवन जिउनु पर्ने र चिन्ता र पीडा बोकेर असमयमै ज्यान गुमाउनु परेको अवस्थाबाट यस्ता विभेदजन्य कुराहरु हटाउनुपर्ने, समाज सुधार र परिवर्तन गर्नुपर्ने विचार व्यक्त गरिएको छ । जात र धनको आडम्बरले उमा र शैलका बिच विवाह हुन नसकेको र आफ्नो इच्छा विपरित विवाह गर्नु परेकाले दुवैको जीवन विक्षिप्त बनेर दुर्घटित बन्न पुगेको छ ।

जातीयताप्रतिको असन्तोष व्यक्त गरी सामाजिक आर्थिक सांस्कृतिक विभेदको अन्त्य र सामाजिक परिवर्तन गर्ने प्रगतिशील विचार नै ज्यानमारा शैल खण्डकाव्यको प्रमुख उद्देश्य वा विचार हो ।

**भाषाशैली**

ज्यानमारा शैल खण्डकाव्यको भाषा उच्च, परिष्कृत एवं विशिष्ट नभए पनि सामान्यतः सरल, सहज, लयात्मक र आलङ्कारिक छ । सर्गहीन एक सय दुई श्लोक संरचानमा सामान्यतः कोमलकान्त पदावलीको प्रयोग गरिएको छ । तत्सम तद्भव र आगन्तुक शब्दको आवश्यकता अनुसार प्रयोग गरिएको देखिन्छ । केही शब्दहरु भने अर्थबोध गर्न कठिनाइ हुने खालका छन् । अन्त्यानुप्रास मिलाउने प्रयास गरिएको भएपनि अनुशासन पालन गरिएको छैन । कविता विधाबाट माथि उठी खण्डकाव्य विधामा कलम चलाउँदा खण्डकाव्यात्मक भाषिक शिल्प भने केही ठाउँमा खड्किएको छ । खण्डकाव्यको भाषा शैली र शब्दचयनमा ठाउँठाउँमा कवि चुकेको देखिन्छ । प्रथम श्लोकमै हरौँ :

भित्र भित्रै पाकिएको वेदनाको भ्फोलले
भर निशाको पाखिमाथि ओस टलपल भर्दिने
भग्न हृदयी, दग्ध प्रेमी प्रथम मेरो ढोग ल्यौ,
दर्द दिलको गरल पिउने हौ तिमी शीति कण्ठ हौ (श्लोक १) ।

भित्रभित्रै पाकिएको भन्ने उल्लेख गरिएको छ। पाकेको/पकाइएको हुनुपर्ने पाकिएको शब्द नै जबरजस्ती प्रयोग गरिएको छ । अन्त्यानुप्रास पनि प्रथम श्लोकमै खज्मजिएको छ । यस्तो अवस्था कृतिभित्र अन्यत्र पनि प्रशस्त देख्न सकिन्छ ।

पाकिएको (१), जिलाउछ (१३) स्वर्गिग, फुट्ट, सर्वश (३६), प्रेमघन (५४), युवक माथि चिन्ता खनी (६०), चिन्ता थपी वा थोपरी वा परी भए पनि अर्थबोध सहज हुन्थ्यो । गलत शब्दको प्रयोग भएका अन्य श्लोकहरु पनि देख्न सकिन्छ । धेरै स्थानमा शब्दहरुको पुनरावृत्ति भएको छ । अशिष्ट र चलनचल्तीका शब्दहरुको प्रयोगले कतैकतै भाषा भद्दा भएको देखिन्छ ।

काव्यमा निशा, भग्न, दग्ध, कण्ठ, बन्दना भ्रमर, स्मृति, कोमल, स्वप्न जाज्वल्यजस्ता तत्सम शब्दहरु, दिल सहर, भूल, सुरु, इज्जत, आखिरी, गडबडी, मौका जस्ता आगन्तुक शब्दहरु ढ्याङ ढ्याङ, फुस्स, फुसफुस, थरथरी, ढुकढुक अनुकरणात्मक शब्दहरु, भुच्चुक, गाँठो, तर्कना, जुठो, नरम जस्ता नेपालीका आफ्ना शब्दहरु, चैत, आँसु, रात आदि तद्भव शब्दहरको प्रयोग भएको छ । अर्थ चमत्कारका लागि पनि केही शब्दहरुको प्रयोग भएको छ । सैयौं श्लोकमा शून्य शब्दलाई लिन सकिन्छ । कुनै वस्तु मोह अन्त्यमा शून्यमा रुपान्तरण हुने कुरा उल्लेख गरिउको छ :

> शून्य बोकी रुख बुटा छन् शून्यको आराधना
> शून्यको महिमा बुझेका व्योममा उड्छन् चरा
> शून्य हावा, शून्य त्यो थल, शून्य त्यो पर्वत
> शून्य दुईटा लाश, यहाा शून्यको सुन्दर घर । (श्लोक १००)

मात्रा छन्दमा रचिएको यस खण्डकाव्यमा मात्रा छन्दको समान प्रयोग छैन । छन्द छन्द भङ्गको अवस्था रहेको छ । कृतिमा उपमा अलङ्कार, उत्प्रेक्षा अलङ्कार, रुपक अलङ्कार र अनुप्रास अलङ्कारहरुको प्रयोग गरिएको छ ।

### रसप्रयोगका दृष्टिले ज्यानमारा शैल खण्डकाव्य

जम्मा १०२ श्लोकको आयाम ओगटेको प्रस्तुत खण्डकाव्य लघु खण्डकाव्य हो । कुनै सर्ग अध्यायको प्रबन्ध विधान रहीत यस खण्डकाव्यमा मुख्य विषय प्रेम भए पनि शृङ्गार रस नभई प्रारम्भदेखि अन्त्यसम्म नै करुणरस प्रवाहित भएको छ । प्रस्तुत खण्डकाव्यमा प्रयुक्त रसहरुको सर्वेक्षण गरी अध्ययन गर्दा करुणरस अङ्गीरसका रुपमा रहेको छ ।

कथावस्तुको आरम्भमा उमालाई भेटेको शैलले उमालाई प्रेम गर्न थालेको छ । दुवैमा परस्पर प्रेम भाव बढ्दै गएको अवस्थामा शृङ्गार रसको उपस्थिति भएको छ ।

> विकट पाखामा फुलेकी जन नपुग्ने क्यै गरी
> छाँटिएकी रस भरेकी सुमन यौटी सुन्दरी (पृ.३९, श्लोक ९)

यसैगरी खण्डकाव्यमा भयानकरस, अद्भुतरस अङ्ग वा सहायक रसका रुपमा आएका छन् ।

## निष्कर्ष

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठले २०१० सालतिर रचना गरी 'पच्चिस वर्षका खण्डकाव्यहरु' (२०३९) नामक ग्रन्थमा सङ्गृहीत र माधव घिमिरेद्वारा सम्पादित ज्यानमारा शैल खण्डकाव्य सामाजिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस खण्डकाव्यको विवेच्य कथावस्तु नेपाली समाजमा व्याप्त जातीय विभेद हो । जातीयताको कथावस्तुमा आर्थिक विभेदलाई सँगै जोडेर उमा र शैल बिचको निश्छल प्रेमप्रणय सफल हुन नसकी वियोगान्त बन्न पुगेको मार्मिक कथावस्तु नेपाली सामाजिक यथार्थवादी धरातलमा टेकेर आएको छ ।

उमा र शैल प्रमुख दुई पात्रहरु रहेको प्रस्तुत खण्डकाव्यको शीर्षक शैलको पलायनवादी सोच र किंकर्तव्यविमुढ अवस्थाको सिकार भएर दुख, पीडा सहेर मृत्युवरण गर्न पुगेकी उमाको ज्यान मार्ने अप्रत्यक्ष वा प्रतीकात्मक अर्थमा शीर्षक सार्थक छ। जात र धनका आडमा आफ्नो प्रेम प्राप्त गर्न बाधक बनेको समाजका विरुद्ध कुनै आबाज उठाउन नसकेको, विद्रोह गर्न नसकेको र नायकको भूमिका निर्वाह गर्न नसकेकोले उमाको जीवन दुखद् बनाउने मुख्य कारक देखिएको शैलको नामबाट खण्डकाव्यको ज्यानमारा शैल राखिनु औचित्यपूर्ण छ।

थोरै पात्र रहेको यस खण्डकाव्यमा वर्गीय वा प्रतिनिधिमूलक पात्रहरुको प्रयोग गरिएको छ। गौण पात्र भएपनि उमाकी आमा परम्परागत सामन्त वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ढाक्रे पनि सूच्चे पात्रका रुपमा आएपनि मजदुरी गरी भारी बोकी गुजारा गर्ने निम्न वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो। राणा शासन र त्यस अघिदेखि नै जरा गाडेर बसेको उचनिच, जातभात, धनीगरिब, ठुलोसानो जस्ता सामन्ती कुसंस्कारग्रस्त नेपाली समाजको यथार्थ परिवेश आएको छ। सामान्यतः सरल, सुबोध, भाषाशैलीको प्रयोग गरिएको छ। सममात्रा छन्दको प्रयोग गरिएको छ। केही श्लोकहरुमा छन्द भङ्ग भएको छ भने अन्त्यानुप्रासको अनुशासन पालन पनि हुन सकेको छैन। कतिपय श्लो कहरुमा शब्दचयनगत असावधानीका कारण अर्थबोधमा कठिनाई देखिन्छ। सरल, सुबोध र आलङ्कारिक भाषाको प्रयोग गरिएको छ। उपमा, उत्प्रेक्षा र रुपक अलङ्कारका साथै बिम्बात्मक र प्रतीकात्मक भाषाले काव्यलाई उचाइ प्रदान गरेको छ।

प्रस्तुत खण्डकाव्यमा करुणरस अङ्गीरसका रुपमा रहेको छ। प्रारम्भमा देखिएको शृङ्गाररसले करुणरसलाई प्रादुर्भाव गर्न विकसित गर्न सहयोग पुऱ्याएको छ। अतः शृङ्गाररस अङ्गरसको रुपमा रहेको छ। यसैगरी भयानक रस र अद्भुतरस पनि खण्डकाव्यमा अङ्गरसका रुपमा आएका छन्। करुणरसका केन्द्रीयतामा खण्डकाव्य सफल रहेको छ।

समग्रमा प्रस्तुत खण्डकाव्य सामाजिक विषयवस्तुमा आधारित नेपाली समाजको सुधार र परिवर्तन गर्ने उद्देश्यले र चना गरिएको नेपाली खण्डकाव्य विधाको महत्त्वपूर्ण कृतिका रुपमा रहेको देखिन्छ।

## सन्दर्भ सूची

उपाध्याय, केशवप्रसाद (२०४९), साहित्य प्रकाश, पाँचौ सं., काठमाडौं : साझा प्रकाशन।

कोइराला, शम्भुप्रसाद (२०३७), सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अ.प्र.शोधपत्र, कीर्तिपुर : त्रि.वि.।

घिमिरे, माधवप्रसाद (२०३९), पच्चिस वर्षका खण्डकाव्य, काठमाडौं : ने.रा.प्र.प.।

जोशी, रत्नध्वज (२०४१), साहित्यको अध्ययन, काठमाडौं : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (२०३१), सिंहावलोकन, काठमाडौं : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (२०४५), सिद्धिचरणका प्रतिनिधि कविता, काठमाडौं : ने.रा.प्र.प्र.।

पोखरेल, भानुभक्त (२०३९), माधव घिमिरेका विशिष्ट खण्डकाव्य, विराटनगर : श्याम पुस्तक भण्डार।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५५), नेपाली बृहत् शब्दकोश, काठमाडौं : ने.रा.प्र.प्र.।

प्रसाईं, गणेशबहादुर (२०४८), नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा, काठमाडौं : ने.रा.प्र.प्र.।

बन्धु, चूडामणि (२०६५), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : रत्न पुस्तक भण्डार।

शर्मा, गार्गी (२०५१), सिद्धिचरण श्रेष्ठका खण्डकाव्यको अध्ययन, काठमाडौं : भुवनमोहनी।

शर्मा, तारानाथ (२०३९), नेपाली साहित्यको इतिहास, काठमाडौं : सङ्कलन प्रकाशन।

श्रेष्ठ, सिद्धिचरण (२०४५), सिद्धिचरणका प्रतिनिधि कविता, काठमाडौं : ने.रा.प्र.प्र.।

श्रेष्ठ, सिद्धिचरण, ज्यानमारा शैल।